**निर्णय नं. १**

दहत्तर बहत्तरको बोलपत्र आह्वान सम्बन्धमा छलफल गर्दा चालू आर्थिक वर्ष २०७९/०८० मा गरिएको प्रकृयालाई विश्लेषण गरी आगामी आ.व. २०८०/०८१ का लागि यस नगरपालिकामा दहत्तर बहत्तरको बोलपत्र आह्वान गर्ने क्रममा के कसरी गर्दा उपयुक्त हुन्छ भनी राय सुझाव तथा विवरण/प्रतिवेदन चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा ५ दिन भित्र पेश गर्ने गरी देहाय बमोजिमको समिति गठन गर्ने र समितिको प्रतिवेदनको आधारमा आगामी आ.व. २०८०/०८१ को लागि दहत्तर बहत्तरको विद्युतीय बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री राम बहादुर के.सी., प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री विमल श्रेष्ठ, ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री निल बहादुर तामाङ, १० नं. वडा अध्यक्ष | सदस्य |
| श्री रोशन राज गिरी, ११ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिपेन्द्र प्रसाद नेपाल, १२ नं. वडा अध्यक्ष | सदस्य |
| श्री उद्धव नेपाल, १४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री विकास श्रेष्ठ, प्राविधिक शाखा प्रमुख | सदस्य |
| श्री सरला धिमाल, लेखा शाखा प्रमुख | सदस्य |
| श्री चिरञ्जिवि कट्टेल, वन, वातावरण तथा विपद्व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| श्री दुर्गा प्रसाद ढुङ्गेल, योजना शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. २**

यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गत आन्तरिक आय तर्फको ईन्द्रावती र सुनकोशी नदीमा आ.व. २०८०/०८१ को लागि ठेक्का बन्दोवस्त गर्ने क्रममा कार्यालयबाट गराईएको प्रारम्भिक वातावरणीय परीक्षणको अध्यावधिक प्रतिवेदन राजश्व परामर्श समितिमा छलफल भई स्वीकृतीका लागि पेश हुन आए बमोजिम उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै राजश्व परामर्श समितिको निर्णय तथा सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लागि ईन्द्रावती र सुनकोशी नदी तर्फको आन्तरिक आय तर्फको दहत्तर बहत्तरको ठेक्का बन्दोवस्त गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

राजश्वको दायरा फराकिलो बनाउने सम्बन्धमा छलफल गर्दा चालू आर्थिक वर्ष २०७९/०८० मा संकलन भएको राजश्वलाई मध्येनजर गर्दै आगामी आर्थिक वर्ष २०८०/०८१ मा राजश्व वृद्धि गर्ने प्रयोजनको लागि राजश्वको दायरा फराकिलो बनाउन थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतको प्रत्येक वडामा तपशिल अनुसारको विद्यालयहरूमा मिति २०८० बैशाख ३१ गतेका दिन वडा शिक्षा समितिको सहजीकरणमा आधारभूत विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिका विद्यालय भर्ना कार्यक्रम संचालन गर्नका लागि सम्पुर्ण वडाका वडाध्यक्षहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

| वडा नं. | कार्यक्रम संचालन हुने विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | श्री सेतिदेवि मा.वि., स्याउले | |
| २ | श्री कालीदेवि मा.वि., बतासे | |
| ३ | श्री दक्षिणकाली मा.वि. | |
| ४ | श्री सेतिदेवि पञ्चकन्या मा.वि., कुविण्डे | |
| ५ | श्री कृष्ण रत्न गंगा मा.वि., चौतारा | |
| ६ | श्री सिद्धिकमला मा.वि., पिपलडाँडा | |
| ७ | श्री सिद्धिगणेश मा.वि., सानोसिरूवारी | |
| ८ | श्री इर्खु मा.वि., इर्खु | |
| ९ | श्री कालीदेवि मा.वि., कदमबास | |
| १० | श्री रामदेवि मा.वि., जल्केनी | |
| ११ | श्री जनविकास मा.वि., साँगाचोक | |
| १२ | श्री जनजागृति मा.वि., साँगाचोक | |
| १३ | श्री सेतिदेवि मा.वि., ठूलोसिरूवारी | |
| १४ | श्री डडुवा भवानीशंकर मा.वि., डडुवा | |

**निर्णय नं. ५**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना सम्बन्धमा छलफल गर्दा पञ्चवर्षिय आवधिक योजनाको प्रस्तावित मस्यौदामा भएका विषयवस्तुहरूलाई आवश्यकताका आधारमा थप गर्नुपर्ने तथा हटाउनुपर्ने विषयमा समेत छलफल गरी जेष्ठ २० गते भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर शिक्षा शाखा प्रमुख | - संयोजक |
| लेखा शाखा प्रमुख | - सदस्य |
| कृषि विकाश शाखा प्रमुख | - सदस्य |
| पशु सेवा शाखा प्रमुख | - सदस्य |
| योजना शाखा प्रमुख | - सदस्य सचिव |

**निर्णय नं. ६**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट कार्यक्रम अनुसार नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा स्थित उपभोक्ता समिति/टोल विकास समितिहरूको कार्य सम्पादनमा पारदर्शिता, जवाफदेहिता र गुणस्तर कायम गर्न उपभोक्ता समिति/टोल विकास समितिका प्रतिनिधि तथा पदाधिकारीहरूका लागि मिति २०८० बैशाख २७ देखि "२ दिने क्षमता अभिवृद्धि तथा अभिमुखिकरण कार्यक्रम" संचालन गर्ने र उक्त कार्यक्रम संचालनका लागि प्रत्येक वडामा रहेका टोल विकास/उपभोक्ता समितिका प्रतिनिधि तथा पदाधिकारीहरूलाई उपस्थितिका लागि समन्वय गरिदिनु सम्पुर्ण वडा कार्यालयहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र विभिन्न खेलकुदका क्रियाकलापहरू सम्बन्धी आवश्यक समन्वय तथा सहजीकरण गर्नका लागि १ (एक) जना सदस्य पछि तोकिने गरी देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी नगर खेलकूद विकास समिति गठन गर्ने निर्णय गरियो ।

**नगर खेलकूद विकास समिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | ठेगाना | समितिको पद |
|---|---|---|---|
| १. | श्री अमृतमान श्रेष्ठ | चौ.सा.गढी.न.पा.-०५, सि.पा. | अध्यक्ष |
| २. | श्री रमेश श्रेष्ठ | चौ.सा.गढी.न.पा.-०५, सि.पा. | उपाध्यक्ष |
| ३. | श्री राकेश राना | इन्द्रावती गा.पा.-०२, सि.पा. | कोषाध्यक्ष |
| ४. | श्री गंगालाल श्रेष्ठ | चौ.सा.गढी.न.पा.-१३, सि.पा. | सदस्य |
| ५. | श्री प्रकाश दंगाल | चौ.सा.गढी.न.पा.-०८, सि.पा. | सदस्य |
| ६. | श्री सुजन श्रेष्ठ | चौ.सा.गढी.न.पा.-०४, सि.पा. | सदस्य |
| ७. | श्री वाङ्गेल लामा | चौ.सा.गढी.न.पा.-०६, सि.पा. | सदस्य |
| ८. | श्री सानुकान्छा माझी | चौ.सा.गढी.न.पा.-११, सि.पा. | सदस्य |
| ९. | श्री सरोज भुजेल | चौ.सा.गढी.न.पा.-०६, सि.पा. | सदस्य |
| १०. | श्री अशोक पराजुली | चौ.सा.गढी.न.पा.-११, सि.पा. | सचिव |

**निर्णय नं. ८**

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ३ मा स्वास्थ्य चौकी निर्माण नभए सम्मको लागि त्यस वडामा बसोबास गर्ने वडावासीहरूलाई मध्येनजर गर्दै उनीहरूलाई स्वास्थ्य सम्बन्धी समस्यामा सहजीकरण गर्ने उद्देश्यलेत्यस वडामा रहेको मौज्दात कर्मचारीहरूबाटै संचालन गर्ने गरी आवश्यकताको आधारमा थप स्वास्थ्य सेवा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस चौतारा साँगाचोकगढी नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. ८६५, मिति २०८०/०१/२६ गतेको पत्र प्राप्त भई बैठकमा अवगत भयो । सो सम्बन्धमा वडा नं. ३ निवासी श्री सोम बहादुर थापाको छोरा श्री धुर्व सिं थापाको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक बतासे गा.वि.स. वडा नं. ७ हाल यस नगरपालिका वडा नं. ३ स्थित कित्ता नं. १२८९ र क्षेत्रफल १८७५ वर्ग मिटरको जग्गा बतासे स्वास्थ्य चौकीको नाममा जग्गा दान गर्ने निर्णय भएकोले उक्त जग्गा पास गर्दा लाग्ने राजश्व छुट गरिदिनका लागि अनुरोध भई आएको हुँदा सोही अनुसार उक्त जग्गा बतासे स्वास्थ्य चौकीको नाममा गर्ने क्रममा लाग्ने राजश्व छुट सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकाको वडा नं ज्ञज्ञ स्थित पाथीभराको पुछार खोकाको डिलबाट मन्डनदेउपुर नगरपालिका वडा नं १२ को सान्डी गाउँबिच इन्द्रावती नदीमा मानिसहरूको आवतजावतको लागि झोलुङ्गे पुल अति आवश्यक भएको हुँदा उक्त स्थानमा झोलुङ्गे पूल निर्माणको लागि सस्पेन्सन बृज डिभिजन, पुल्चोक, ललितपुरसँग आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस चौतारा साँगाचोकगढी नगरपालिकामा सम्बन्धित मन्त्रालयबाट प्रकाशित गरिब तथा गैर गरिबको विवरणमा समावेश भएका गरिब घर परिवार पहिचान सम्बन्धी तथ्याङ्क संकलन गर्दा वैज्ञानिक तथा व्यवहारिक नभएको देखिएको र उक्त तथ्याङ्क संलकन गर्ने क्रममा नै गलत सूचनाका कारण गरिबको घर परिवारमा पहिचान हुनुपर्ने व्यक्ति गैर गरिब र नेपालकै राजधानी काठमाडौंमा समेत घर भएका व्यक्ति गरिब परिवारको सूचीमा सूचिकृत भएको हुँदा पुनः उक्त गरिब घर परिवार पहिचान सम्बन्धी तथ्याङ्क संकलन गर्नका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । साथै यस नगरपालिकामा गुनासो दर्ता गर्ने गुनासो कर्ताको गुनासोको विवरण सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको १२ औं नगर सभाबाट पारित आ.व. ०७९/८० को वार्षिक नगर विकास योजनामा स्वीकृत भएका योजना/कार्यक्रमहरू मध्ये आवश्यकताको आधारमा योजना/कार्यक्रम संसोधन तथा बजेट रकमान्तरका लागि नगरपालिका अन्तर्गतको विभिन्न शाखा तथा वडा कार्यालयहरूबाट पेश हुन आएका देहाय बमोजिमका योजना/कार्यक्रम संसोधन तथा बजेट रकमान्तर गरी आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

| क.सं | साविकको योजना/रकमान्तर हुन अघिको शिर्षक | विनियोजित रकम | हालको संसोधित योजना/रकमान्तर पछिको शिर्षक | विनियोजित रकम | नगरपालिका/वडा नं. | रकमान्तर पछि बाँकी हुन आउने रकम |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय दिवा खाजा कार्यक्रम | १४,११,६६८ | पुस्तक खरिद र सप्लाई | १,१८,३८५ | नगरपालिका | १२,९३,२८३ |
| २. | अन्य सामाजिक सुरक्षा खर्च कर्मचारी | ४,००,००० | अन्य सामाजिक सहायता | ४५,००० | | ३,५५,००० |
| ३. | पदाधिकारी बैठक भत्ता | १२,००,००० | कर्मचारीको बैठक भत्ता | २,५०,००० | | ९,५०,००० |
| ४. | अँधेरी नयाँ ट्र्याक निर्माण | १,००,००० | वडा स्तरीय सडक मर्मत | २,५०,००० | वडा नं. ९ | ० |
| ५. | वडा स्तरीय परीक्षा सामाग्री | ५०,००० | | | | |
| ६. | जितपुर शहरी स्वास्थ्य केन्द्र प्रवेश सडक | १,००,००० | | | | |
| ७. | सिंचाई पोखरीको लागि प्लाष्टिक खरिद | १,५०,००० | जनकल्याण आ.वि. आवश्यक सामान खरिद अनुदान | १,५०,००० | वडा नं. १२ | ० |
| ८. | महिला स्वास्थ्य स्वंयसेविका खाजा खर्च | ६५,००० | सुत्केरी पोषण कार्यक्रम | ६५,००० | | ० |
| ९. | स्वास्थ्य केन्द्र बतासे | २,००,००० | श्री बतासे आधारभूत स्वास्थ्य केन्द्र | २,००,००० | वडा नं. २ | ० |
| १०. | कृषि अध्ययन भ्रमण | २,००,००० | महिला सामुलायिक भवन तथा ट्रस निर्माण | ६,००,००० | | ० |
| ११. | महिला ( सीपमुलक तथा आय आर्जन कार्यक्रम) | ४,००,००० | | | | |

| क.सं | साविकको योजना/रकमान्तर हुन अघिको शिर्षक | विनियोजित रकम | हालको संसोधित योजना/रकमान्तर पछिको शिर्षक | विनियोजित रकम | नगरपालिका/वडा नं. | रकमान्तर पछि बाँकी हुन आउने रकम |
|---|---|---|---|---|---|---|
| १२. | वातावरण संरक्षण तथा सरसफाई | २,००,००० | शेरा कुलो तथा गोरेठने बाटो मर्मत | १,००,००० | | ० |
| | | | थप बजेट वडा कार्यालय छेउमा पर्खाल निर्माण | १,००,००० | | |
| १३. | साझेदारी कार्यक्रम | २,००,००० | वडा कार्यालय छेउमा पर्खाल निर्माण | २,००,००० | | ० |
| १४. | विपद् व्यवस्थापन | ३,००,००० | तल्लो तथा माथिल्लो बतासे सडक छेउका घर संरक्षण तथा नाली निर्माण | ३,००,००० | | ० |
| १५. | भोटेफुल्पिङ सिंचाई कुलो मर्मत बाँकी बजेट | ३५,००० | श्री बज्रेश्वरी आ.वि. अनुदान | ३५,००० | | ० |